"जलस्रोत, पर्यटन र जडीबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
वागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nep

पत्र संख्या/Ref. No :- २०७७/०७८
चलानी नं./Dispatch No :-

विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

मिति/Date : २०७७/११/२६

---

विषयः विषयविज्ञको सूचीमा समावेश हुने सम्बन्धी सूचना ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाभित्रका विद्यालयहरुमा रिक्त रहेका विभिन्न तहका शिक्षक दरबन्दीहरुमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस भई नआइन्जेलसम्मका लागि सम्बन्धित विद्यालयस्तरमा गठन गरिएका करार शिक्षक छनोट समितिको सिफारिसमा व्यवस्थापन समितिबाट करार सम्झौता गरी पदपूर्ति गर्न सञ्चालन गरिने परीक्षाको प्रयोजनका लागि विगु गाउँपालिकास्तरमा विज्ञहरुको सूची (रोष्टर) निर्माण गर्नुपर्ने भएकोले सूचीमा आबद्ध हुन गाउँपालिकाभित्रका विद्यालयहरुमा कार्यरत योग्य र इच्छुक शिक्षकहरुबाट १५ दिनभित्र दरखास्त आह्वान गरिन्छः

❖ **<u>विषयविज्ञको छनोटसम्बन्धी प्रक्रिया तथा मापदण्डहरुः</u>**

- विषयविज्ञहरुको शैक्षिक योग्यता प्राथमिक तहको विषयविज्ञको हकमा शिक्षाशास्त्र संकायमा स्नातक र निम्न माध्यमिक र माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातकोत्तकोत्तर हासिल गरेको हुनुपर्ने ।
- सम्बन्धित तहमा स्थायी भई कम्तीमा परीक्षण काल व्यतित गरेको हुनुपर्ने ।
- उमावि तहको रिक्त पदमा शिक्षकको पदपूर्तिका लागि माध्यमिक तहमा स्थायी परीक्षण काल व्यतित गरिएको हुनुपर्ने साथै स्नातकोत्तर योग्यता प्राप्त गरिएको हुनुपर्ने ।
- शिक्षकको पेसागत संघसंगठनमा आबद्ध हुने शिक्षकहरुलाई विषयविज्ञहरुलाई करार शिक्षकमा संलग्न गर्ने सम्बन्धमा शिक्षकहरुको जिल्लास्तरीय पेसागत संघ, संगठनमा आबद्ध शिक्षक तथा गाउँपालिकास्तरीय कार्यकारी समितिका पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सहसचिव) हरुलाई निजहरुको पदाधिकार रहुन्जेलसम्म करार शिक्षक छनोट परीक्षामा विषयविज्ञको रुपमा उपयोग गरिने छैन।
- गाउँपालिकाको कार्यालयमा सूचीबद्ध भएका विषयविज्ञहरुलाई करार शिक्षक छनोट परीक्षामा सकेसम्म समान सहभागिताको अवसर प्रदान गरिने छ ।

❖ **आवश्यक कागाजातः**
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु
- अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
- सम्बन्धित तहमा स्थायी हुँदाको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि

पेमादोर्जे थोकर
प्रमुख,
शिक्षा, युवा तथा खेलकुद शाखा